# श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग

## जंगी अड्डा

### विभिन्न ट्रेडका प्राविधिक पदिक तथा बिल्लादार पदहरुको लागि दरखास्त आव्हान

**(प्रथम पटक प्रकाशित मिति २०७३/९/११ गते)**

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका देहायका पदहरु समावेशी तथा खुला प्रतिस्पर्धाबाट पदपुर्ति गर्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिक स्वयम् उपस्थित भई तोकिएको स्थानमा रु.१०।- को टिकट टांसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **आवश्यक संख्या तथा भर्ना केन्द्र**

**भर्ना केन्द्र: श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय, जंगी अड्डा**

| सि.नं. | बिज्ञापन नम्बर | पद | समावेशी तर्फ | | | | | खुल्ला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १ | ०७३/७४/३० | प्रा.सु. (सै.उ.) | - | १ | १ | - | - | ३ | ५ |
| २ | ०७३/७४/३१ | प्रा.सु. ओभरसियर | १ | २ | १ | १ | - | ७ | १२ |
| ३ | ०७३/७४/३२ | प्रा.सु. ड्राफ्टमेन | - | - | - | - | - | १ | १ |
| ४ | ०७३/७४/३३ | प्रा.सु. मेकानिलक यान्त्रिक | १ | १ | १ | - | - | ४ | ७ |
| ५ | ०७३/७४/३४ | प्रा.जम. छायांकन | - | - | - | - | - | १ | १ |
| ६ | ०७३/७४/३५ | प्रा.जम. व्याण्ड (बाजा मरामत) | - | - | - | - | - | १ | १ |
| ७ | ०७३/७४/३६ | प्रा.अम. जनरल मेकानिकल | १ | २ | १ | १ | - | ६ | ११ |
| ८ | ०७३/७४/३७ | प्रा.अम. ईलेक्ट्रिसियन | - | १ | १ | - | - | २ | ४ |
| ९ | ०७३/७४/३८ | प्रा.अम. ईलेक्ट्रिकल | - | १ | १ | - | - | ३ | ५ |
| १० | ०७३/७४/३९ | प्रा.अम. ईलेक्ट्रोनिक्स | ५ | ७ | ६ | ३ | १ | २८ | ५० |
| ११ | ०७३/७४/४० | प्रा.अम. प्लम्बर | - | १ | - | - | - | २ | ३ |
| १२ | ०७३/७४/४१ | प्रा.अम. कम्प्युटर | २ | ३ | ३ | १ | १ | ११ | २१ |
| १३ | ०७३/७४/४२ | प्रा.अम. बज्रकर्मी | १ | २ | १ | १ | १ | ७ | १३ |
| १४ | ०७३/७४/४३ | प्रा.अम. डकर्मी | - | - | - | - | - | १ | १ |
| १५ | ०७३/७४/४४ | प्रा.अम. वृक्लियर | - | - | - | - | - | १ | १ |
| १६ | ०७३/७४/४५ | प्रा.अम. क्रेन अपरेटर | - | १ | १ | - | - | २ | ४ |
| १७ | ०७३/७४/४६ | प्रा.अम. लोडर अपरेटर | - | १ | - | - | - | १ | २ |
| १८ | ०७३/७४/४७ | प्रा.अम. रोलर अपरेटर | - | १ | १ | - | - | २ | ४ |

| सि.नं. | विज्ञापन नम्बर | पद | समावेशी तर्फ | | | | | खुल्ला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| १९ | ०७३/७४/४८ | प्रा.अम. सिकर्मी (कार्पेन्टर) | - | १ | - | - | - | २ | ३ |
| २० | ०७३/७४/४९ | प्रा.अम. वैल्डर | - | १ | - | - | - | १ | २ |
| २१ | ०७३/७४/५० | प्रा.अम. डोजर अपरेटर | - | १ | - | | - | २ | ३ |
| २२ | ०७३/७४/५१ | प्रा.अम. ग्रेडर अपरेटर | - | १ | १ | - | - | २ | ५ |
| २३ | ०७३/७४/५२ | प्रा.अम. कम्प्रेसर अपरेटर | १ | १ | १ | १ | - | ४ | ८ |
| २४ | ०७३/७४/५३ | प्रा.अम. भेहिकल मेकानिक्स | २ | ४ | ४ | २ | १ | १५ | २८ |
| २५ | ०७३/७४/५४ | प्रा.अम. छायांकन | - | - | - | - | - | १ | १ |
| २६ | ०७३/७४/५५ | प्रा.अम. रेडियो टेक्निसियन | - | - | - | - | - | १ | १ |
| २७ | ०७३/७४/५६ | प्रा.अम. एन्सिलरी | - | १ | - | - | - | २ | ३ |
| २८ | ०७३/७४/५७ | प्रा.अम. छापाखाना प्राविधिक | - | १ | - | - | - | १ | २ |
| २९ | ०७३/७४/५८ | प्रा.अम. मेकानिकल | १ | १ | १ | १ | - | ४ | ८ |
| ३० | ०७३/७४/५९ | प्रा.अम. एभिएसन स्टोर | - | - | - | - | - | १ | १ |
| ३१ | ०७३/७४/६० | प्रा.अम. पेन्टर | - | - | - | - | - | १ | १ |
| ३२ | ०७३/७४/६१ | प्रा.अम. मर्मत तथा संभार | - | १ | - | - | - | २ | ३ |
| ३३ | ०७३/७४/६२ | प्रा.अम. जनरल स्टोर | - | - | - | - | - | १ | १ |

३. **दरखास्त पेश गर्ने स्थान र मिति:**

**(क) दरखास्त पेश गर्ने स्थान:** जंगी अड्डा पश्चिम पट्टीको खेल मैदान ।

**(ख) दरखास्त पेश गर्ने मिति:** मिति २०७३/९/११ गतेदेखि मिति २०७३/१०/११ गतेको कार्यालय समयभित्र । साथै दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट दोब्बर दस्तुर बुझाई थप दिन ७ (सात) मिति २०७३/१०/१२ गतेदेखि मिति २०७३/१०/१८ गतेसम्म दर्ता गर्न सकिनेछ ।

४. **दरखास्त दस्तुर:** दरखास्त फाराम बुझाउंदा तल उल्लेख गरे अनुसार दस्तुर बुझाउनु पर्नेछ । तर एकभन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येक समुहमा २०% का दरले थप दस्तुर लाग्नेछ ।

(क) सबै ट्रेडको पदिक (प्रा.सु.): रु. ४००/- (ख) सबै ट्रेडको पदिक (प्रा.जम.): रु. ३००/-

(ग) सबै ट्रेडको विल्लादार (प्रा.अम.): रु. २००/-

## ५. आवश्यक योग्यता

### (क) शैक्षिक योग्यता

| सि.नं. | विज्ञापन नं. | पद/ट्रेड | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| १ | ०७३/७४/३० | प्रा.सु.(सै.उ.) | १. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट पि.सि.एल. नर्सिङ्ग पास गरेको हुनुपर्ने । <br>२. नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनु पर्ने । | |
| २ | ०७३/७४/३१ | प्रा.सु.ओभरसियर | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग डिप्लोमा (प्रमाण पत्र तह) पास गरेको हुनुपर्ने । | |
| ३ | ०७३/७४/३२ | प्रा.सु.ड्राफ्टमेन | मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्ट/ड्राफ्टमेन ईन्जिनियरिङ्ग डिप्लोमा (प्रमाण पत्र तह) पास गरेको हुनु पर्ने । | |
| ४ | ०७३/७४/३३ | प्रा.सु.मेकानिकल यान्त्रिक | नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल मेकानिक्स ईन्जिनियरिङ्ग डिप्लोमा (प्रमाण पत्र तह) पास गरेको हुनुपर्ने । | |
| ५ | ०७३/७४/३४ | प्रा.जम. छायांकन | १. प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको । <br>२. नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट Advance Video Camera/Advance Light/Advance Sound सम्बन्धि कम्तिमा ६ महिना तालिम गरेको हुनुपर्ने । | |
| ६ | ०७३/७४/३५ | प्रा.जम. ब्याण्ड (बाजा मरामत) | १. एस.एल.सी. पास गरेको हुनु पर्ने । <br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट ३ महिनाको बाजा मरामत सम्बन्धी तालिम गरेको हुनुपर्ने । | |
| ७ | ०७३/७४/३६ | प्रा.अम.जनरल मेकानिकल | १. एस.एल.सि.वा सो सरह उत्तीर्ण गरेको । <br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल मेकानिकल विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| ८ | ०७३/७४/३७ | प्रा.अम.ईलेक्ट्रिसियन | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको । <br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिसियन विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| ९ | ०७३/७४/३८ | प्रा.अम. ईलेकिट्रकल | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको । <br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिसियन विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| १० | ०७३/७४/३९ | प्रा.अम.ईलेक्ट्रोनिक्स | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको । <br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्था बाट इलेक्ट्रोनिक्स विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |

| सि.नं. | विज्ञापन नं. | पद/ट्रेड | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| ११ | ०७३/७४/४० | प्रा.अम. प्लम्बर | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट प्लम्बर विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| १२ | ०७३/७४/४१ | प्रा.अम. कम्प्युटर | एस.एल.सि. पास गरी नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर आधार तालिम, Office Programming (Word, Excel, Powerpoint, MSDOS, Windows, Access) सम्बन्धि ३ महिना तालिम गरेको हुनुपर्ने र Desktop Publishing, Graphic Designing, Hardware Maintaince, Networking तथा Database मध्ये कुनै एक विषयमा विशेष तालिम गरेको हुनुपर्ने । | |
| १३ | ०७३/७४/४२ | प्रा.अम. बज्रकर्मी | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल सव ओभरसियर विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| १४ | ०७३/७४/४३ | प्रा.अम. डकर्मी | १. एस.एल.सि. वा सो सरह उतिर्ण गरेको हुनुपर्ने ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट बृकलियर (डकर्मी) सम्बन्धि बिषयमा तह-१ उत्तिर्ण गरेको हुनु पर्ने ।<br>३. बहालवाला उम्मेदवारको हकमा सेकेण्ड क्लास पास गरी सम्बन्धित ट्रेडको ग्रेड ३ तालिम गरेको हुनु पर्ने । | |
| १५ | ०७३/७४/४४ | प्रा.अम. बृक्लियर | १. एस.एल.सि. वा सो सरह उतिर्ण गरेको हुनुपर्ने ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट बृकलियर (डकर्मी) सम्बन्धि बिषयमा तह-१ उत्तिर्ण गरेको हुनु पर्ने ।<br>३. बहालवाला उम्मेदवारको हकमा सेकेण्ड क्लास पास गरी सम्बन्धित ट्रेडको ग्रेड ३ तालिम गरेको हुनु पर्ने । | |
| १६ | ०७३/७४/४५ | प्रा.अम. क्रेन अपरेटर | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रेन अप्रेटर विषयमा तह १ उत्तीर्ण गरेको हुनुपर्ने वा क्रेन अपरेटर सम्बन्धि १ वर्षको तालिम प्राप्त गरेको ।<br>३. सवारी चालक अनुमति पत्र (क्रेन सम्बन्धि) प्राप्त गरेको हुनुपर्ने । | |
| १७ | ०७३/७४/४६ | प्रा.अम. लोडर अपरेटर | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट लोडर अपरेटर विषयमा तह १ उत्तीर्ण गरेको हुनुपर्ने वा लोडर अपरेटर सम्बन्धि १ वर्षको तालिम प्राप्त गरेको ।<br>३. सवारी चालक अनुमति पत्र (लोडर सम्बन्धि) प्राप्त गरेको हुनुपर्ने । | |
| १८ | ०७३/७४/४७ | प्रा.अम. रोलर अपरेटर | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट रोलर अपरेटर विषयमा तह १ उत्तीर्ण गरेको हुनुपर्ने वा रोलर अपरेटर सम्बन्धि १ वर्षको तालिम प्राप्त गरेको । | |

| सि.नं. | विज्ञापन नं. | पद/ट्रेड | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| | | | ३. सवारी चालक अनुमति पत्र (रोलर सम्बन्धि) प्राप्त गरेको हुनुपर्ने । | |
| १९ | ०७३/७४/४८ | प्रा.अम. सिकर्मी (कारपेन्टर) | एस.एल.सि. पास गरी नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्पेन्टर सम्बन्धि बिषयमा तह १ उत्तिर्ण गरेको हुनुपर्ने । बहालवाला उम्मेदवारको हकमा सेकेण्ड क्लास पास गरि सम्बन्धित ट्रेडको ग्रेड ३ तालिम गरेको हुनुपर्ने । | |
| २० | ०७३/७४/४९ | प्रा.अम. वैल्डर | एस.एल.सि. पास गरी नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट वैल्डर सम्बन्धि बिषयमा तह-१ उत्तिर्ण गरेको हुनु पर्ने । बहालवाला उम्मेदवारको हकमा सेकेण्ड क्लास पास गरी सम्बन्धित ट्रेडको ग्रेड ३ तालिम गरेको हुनु पर्ने । | |
| २१ | ०७३/७४/५० | प्रा.अम. डोजर अपरेटर | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट डोजर अपरेटर विषयमा तह १ उत्तीर्ण गरेको हुनुपर्ने वा डोजर अपरेटर सम्बन्धि १ वर्षको तालिम प्राप्त गरेको ।<br>३. सवारी चालक अनुमति पत्र (डोजर सम्बन्धि) प्राप्त गरेको हुनुपर्ने । | |
| २२ | ०७३/७४/५१ | प्रा.अम. ग्रेडर अपरेटर | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट ग्रेडर अपरेटर विषयमा तह १ उत्तीर्ण गरेको हुनुपर्ने वा ग्रेडर अपरेटर सम्बन्धि १ वर्षको तालिम प्राप्त गरेको ।<br>३. सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने । | |
| २३ | ०७३/७४/५२ | प्रा.अम. कम्प्रेसर अपरेटर | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्रेसर अपरेटर विषयमा तह १ उत्तीर्ण गरेको हुनुपर्ने वा कम्प्रेसर अपरेटर सम्बन्धि १ वर्षको तालिम प्राप्त गरेको ।<br>३. सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने । | |
| २४ | ०७३/७४/५३ | प्रा.अम.भेहिकल मेकानिक्स | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट भेहिकल मेकानिक्स विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| २५ | ०७३/७४/५४ | प्रा.अम. छायांकन | एस.एल.सी. वा सो सरह उतिर्ण गरेको र नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट Basic Video Camera Operator/Light/Sound सम्बन्धि कम्तिमा ३ महिना अवधिको तालिम गरेको हुनुपर्ने । | |
| २६ | ०७३/७४/५५ | प्रा.अम. रेडियो टेक्निसियन | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्सि विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| २७ | ०७३/७४/५६ | प्रा.अम. एन्सिलरी | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको । नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल मेकानिक्स विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |

| सि.नं. | विज्ञापन नं. | पद/ट्रेड | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|
| २८ | ०७३/७४/५७ | प्रा.अम. छापाखाना प्राविधिक | १. एस.एल.सी. वा सो सरह पास गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा ३ महिनाको तालिम प्राप्त गरेको वा प्रिन्टिङ्ग टेक्निसियन तह १ को सीप परीक्षा उतीर्ण गरेको वा सम्बन्धित विषयमा १ वर्षको कार्य अनुभव प्राप्त गरेको र ३ महिनाको कम्प्युटर आधार तालिम गरेको हुनु पर्ने । | |
| २९ | ०७३/७४/५८ | प्रा.अम. मेकानिकल | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| ३० | ०७३/७४/५९ | प्रा.अम. एभियसन स्टोर (स्टोर किपर) | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टोरकिपर सम्बन्धि विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| ३१ | ०७३/७४/६० | प्रा.अम. पेन्टर | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट पेन्टर सम्बन्धि विषयमा तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| ३२ | ०७३/७४/६१ | प्रा.अम. मर्मत संभार | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल सम्बन्धि विषयमा तह १/२/३ मध्ये कुनै एक तह उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |
| ३३ | ०७३/७४/६२ | प्रा.अम. जनरल स्टोर (स्टोर किपर) | १. एस.एल.सी.वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टोरकिपर सम्बन्धि तह १ उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा Technical SLC उत्तीर्ण गरेको वा सम्बन्धित विषयमा कम्तीमा १ बर्ष तालिम गरेको प्रमाण पत्र हुनुपर्ने । | |

(ख) **शारीरिक योग्यता**

| सि.नं. | पद | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | सवै ट्रेडका प्रा.सु., प्रा.जम. र प्रा.अम. | (क) **उचाई**: न्युनतम ५ फिट ३ ईन्च<br>(ख) **छाती**: नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च<br>(ग) **वजन**:न्युनतम ५० के.जि. (११० पौण्ड) | (क) **उचाई**: न्युनतम ४ फिट १० ईन्च<br>(ख) **वजन**:न्युनतम ४०के.जि. (८८ पौण्ड) | चस्मा प्रयोग गर्ने भएमा ± २ भन्दा बढी कमजोर नभएको । |

(ग) <u>अन्य योग्यता</u>:

(अ) सबै पदका उम्मेदवारहरु नैतिक पतन नदेखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको साथै अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली २०६९" तथा "सैनिक सेवामा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४"** ले तोके अनुसार हुनु पर्नेछ ।

६. **<u>उमेरको हद</u>:**

| सि.नं. | पद | पुरुष | महिला | कै. |
|---|---|---|---|---|
| १ | प्रा.सु./प्रा.जम. र प्रा.अम. | सबै पदका उम्मेदवारहरु दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७३/१०/११ गते १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको । | प्रा.सु.सैनिक उपचारिका पदको लागि दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७३/१०/११ गते १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको र अन्य सबै पदहरुको हकमा दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७३/१०/११ गते १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको हुनुपर्नेछ । | |

७. **<u>नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि</u>**

(क) सम्वन्धित ट्रेडमा आवश्यक शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने, सैन्य आधार तालिम गरेको हुनु पर्ने तथा उमेरको हद नलाग्ने ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०७३/१०/११ गतेका दिन न्युनतम सेवा अवधि १ बर्ष पुरा भएको हुनु पर्नेछ ।

(ग) युनिटपति/सम्बन्धित पतिको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

८. **<u>दरखास्तसाथ समावेश गर्नुपर्ने आवश्यक कागजादहरु</u>** : देहाय बमोजिमका कागजादहरुको प्रतिलिपि उम्मेद्वारहरु स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण–पत्रहरु उपर कुनै कारवाही गरिने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण–पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण–पत्र र प्रोभिजनल प्रमाण–पत्र ।

(ग) नेपाल सरकारको विश्वविद्यालय/बोर्ड वाहेक अन्य बोर्ड तथा विश्व विद्यालयबाट उपाधी हांसिल गर्नेहरुको हकमा त्रि.वि.वि./एस.एल.सी.बोर्ड बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफुले हांसिल गरेको उपाधीको समकक्षताको र माईग्रेसन (स्थानान्तरण) को प्रमाण–पत्र ।

(घ) शैक्षिक योग्यता वाहेक आफुले प्राप्त गरेको अन्य प्रमाण–पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाण–पत्रहरु ।

(ङ) **<u>समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नुपर्नेछ</u>:**

(१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी । तर, राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(३) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

(४) पिछडिएको क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, हुम्ला, मनाङ्ग र मुस्ताङ्ग जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.वि.स./नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि ।

(५) समावेशीतर्फ सुचिकृत भएका थर तथा समुह प्रष्ट भएमा र सो समुहमा दरखास्त दिन चाहेमा उम्मेदवारले समावेशीतर्फको प्रमाण पत्र पेश गर्न अनिवार्य गरिने छैन ।

९. <u>फोटोग्राफ</u>: उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो प्रति ३ (तीन) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. <u>सम्पर्क मिति र स्थान:</u> मिति २०७३/१०/१९ गतेको १३०० बजे दरखास्त पेश गरेको स्थान जंगी अड्डा पश्चिमपट्टीको खेल मैदानको साथै नेपाली सेनाको वेभ साईट www.nepalarmy.mil.np बाट पनि जानकारी प्राप्त गर्न सकिने छ ।

११. <u>छनौट प्रक्रिया:</u>

(क) <u>वियरिङ्ग परीक्षा</u>: यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेकको) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुदांहरु: अंगभंग नभएको/कुरूप नदेखिने, हात खुट्टा बाङ्गो टिङ्गो र औंलाहरू ठीक नभएको, घुंडा नजोडिने (Knee Lock), शरीरमा मुसा नभएको, धेरै चेप्टो पैताला नभएको, प्रष्ट बोली भएको, भकभके, लठ्यौरो हुन नहुने, दांत नझरेका (अगाडीको दांत नझरेको र किरा लागेको दात भरेको हुनु पर्ने), ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको, दुवी नभएको, कपाल नझरेको, नफुलेको वा नरंगाएको (कपाल अस्वभाविक रुपमा झरेको, फुलेको रंगाएको लाई लिन नमिल्ने), आंखा डेढो नभएको, वायां आंखा चिम्लन सक्ने (सम्बन्धितको Master Eye विपरित आंखा चिम्लन सक्ने), ज्यादै छिप्पडर र लुरे नदेखिने, उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी वा घटी तौल नभएको, शरीर मोटो तर हात खुट्टा झिनो देखिने, शरीरमा ट्याटु मार्क नबनाएको (अस्वभनिय नदेखिने गरि बढीमा बुढिऔंलाको औठा छाप वा सो भन्दा सानो ट्याटुलाई लिन सकिने), अनुहारमा अस्वभाविक दाग/खतहरू नभएको ।

(ख) <u>प्रारम्भिक स्वास्थ्य परीक्षण</u>: मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको साधारण स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) <u>शारीरिक परीक्षा:</u>

| सि.नं. | पद | शारीरिक योग्यता | |
|---|---|---|---|
| | | **पुरुष** | **महिला** |
| १ | सवै ट्रेडका प्रा.सु., प्रा.जम. र प्रा.अम. | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६५ सेकेण्डमा पुरा गर्नुपर्नेछ<br>(ङ) १ माईल दौड ९ मिनेटमा पुरा गर्नु पर्नेछ । | (क) सिटअप ८ पटक<br>(ख) पुसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेण्डमा पुरा गर्नु पर्नेछ<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नुपर्नेछ । |

(घ) **<u>लिखित परीक्षा</u>** : सबै पदका उम्मेदवारहरुको **पेशा विषय सम्बन्धित ट्रेडको पुर्णाङ्क १०० र विविध विषय** (**अग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान**) **पुर्णाङ्क ५०** को लिखित परीक्षा संचालन हुनेछ ।

(ङ) **<u>प्रयोगात्मक परीक्षा</u>:** लिखित परीक्षामा उत्तीर्ण हुने सबै पदका उम्मेदवारहरुको सम्बन्धित ट्रेड अनुसारको **५० पुर्णाङ्कको प्रयोगात्मक परीक्षा** संचालन हुनेछ ।

(च) **<u>विस्तृत स्वास्थ्य परीक्षण</u>:** मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थ्योपचार सुविधा पाईरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(छ) **<u>अन्तरवार्ता</u>** : पदपुर्ति समितिका पदाधिकारीहरुबाट अन्तरर्वार्ता हुनेछ ।

१२. **<u>तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु</u>:** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **<u>अन्य शर्तहरु</u>:**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले दरखास्त दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ–आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरुले आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेसी, दलित मध्ये कुनै एक समुहमा मात्र दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएका क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्रमा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन ।

**<u>नोट</u>:**

(क) दरखास्त फाराम, सम्वन्धित ट्रेडका पाठ्यक्रमहरु र भर्ना छनौट सम्वन्धी सुचना नेपाली सेनाको वेभसाईट **www.nepalarmy.mil.np** को Carrer भित्र Recruitment Selection मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ ।

(ख) लोकसेवा आयोगसंग परामर्श लिई तयार पारिएको “सैनिक सेवा नियमावली २०६९” तथा “सामान्य सिद्धान्त २०६४” को आधारमा पदपुर्ति गरिने छ ।

(ग) महिलाको हकमा Direct combat duties/Close combat role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat related duties/combat service support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्‍याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(घ) थप केही जानकारी लिनु परेमा श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग जंगी अड्डाको टेलिफोन नम्बर ०१४२४६९५० मा सम्पर्क गर्न सकिनेछ ।